परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ९ २०७९ असोज २ गते आइतवार Sunday 18, SEP 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## प्रदेश १ सरकारको मन्त्रिपरिषद बैठक सम्पन्न
## शहीद परिवारलाई उपचार खर्च प्रदान गर्ने निर्णय



मन्त्रिपरिषद्को शुक्रवार बसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सहित नौ वटा मन्त्रालयले पेश गरेको प्रस्तावहरू पारित गर्दै ।

विराटनगर प्रदेश नं. १ मन्त्रिपरिषद्को शुक्रवार बसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सहित नौ वटा मन्त्रालयले पेश गरेको प्रस्तावहरू पारित गरेको छ । मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले केही कार्यविधि, निर्देशिका, उपचार खर्च प्रदान गर्नेलगायतका प्रस्तावहरू पारित गरेका छन् ।

प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार, बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा प्रस्तुत 'मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्ने विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ । त्यस्तै सोही कार्यालयद्वारा प्रस्तुत प्रदेश १ सुशासन (व्यवस्थापन तथा सञ्चालन, प्रथम संशोधन) नियमावली २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा प्रस्तुत जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ । बैठकले उद्योग, श्रम तथा रोजगार मन्त्रालयद्वारा प्रस्तुत अस्थायी कर्मचारीहरूको म्याद सम्बन्धमा र कृषि मन्त्रालयद्वारा प्रस्तुत प्रदेश खाद्य परिषद् (गठन तथा कार्य सञ्चालन) सम्बन्धमा पनि निर्णय गरेको छ ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले पर्यटन तथा संस्कृति मन्त्रालयद्वारा प्रस्तुत होमस्टे सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गरेको

वांकी अन्तिम पेजमा...

## सुरक्षाकर्मी सुरक्षित भएमा नागरिक सुरक्षित : मन्त्री कार्की

विराटनगर । जनताको जीउधन सुरक्षाको जिम्मेवारी लिएर बसेको प्रहरी सुरक्षित भएमा नागरिक सुरक्षित हुने आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले वताएको छ । झापाको मेचीनगर नगरपालिका-६ स्थित इलाकाप्रहरी कार्यालय काकर भिट्टाको नवनिर्मित कार्यालय भवनको शुक्रवार उद्घाटन गर्दै सो कुरा वताएको हो ।

भवन उद्घाटनको क्रममा कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रहरी सुरक्षित भएमा नागरिक सुरक्षित हुने हुँदा प्रहरी बस्ने भवन सुरक्षित र व्यवस्थित हुनु पर्नेमा जोड दिनु भएको थियो । 'त्यसमाथि सीमा क्षेत्रमा विशेष सुरक्षा अपनाइयो भने काठमाण्डौं पनि सुरक्षित हुन्छ, देशका अन्यभाग पनि सुरक्षित हुन्छन्, मन्त्रीकार्कीले भन्नुभयो, सीमामा रहेको चौकीमा गरिने व्यवहारले देशको परिचय सुरु हुन्छ । त्यसकारण सीमा क्षेत्रमा अपराधीहरूको खुट्टा काँप्नु पर्छ र सर्बसाधरणको छाती फुक्नुपर्छ ।'

मन्त्रीकार्कीले सङ्घीयता आएपछि प्रदेशका विभिन्न ठाउँमा प्रहरी चौकीहरू निर्माण गरेको र कतिपय ठाउँमा निर्माणको चरणमा रहेको बताउनु भयो । 'उहाँले भन्नुभयो पहिले केन्द्रीकृत मानसिकता रहेको थियो, प्रदेश संरचना आएपछि विकास छरिएको छ । अर्कोतर्फ अझैंकेन्द्रको केन्द्रीकृत मानसिकता भए पनि नागरिकको सुरक्षाका लागि प्रदेश सरकारले काम गरिरहेको वताए ।'

सो भवन प्रदेश १ आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट विनियोजन भएको २ करोड ८३ लाख ३४ हजार ६ सय ४१ रुपैयाँ ६८ पैसाको लागतमा निर्माण भएको हो । सोही कार्यक्रममा १ नं प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदीप गिरीले

वांकी अन्तिम पेजमा...

## माघ १९ गते देखि अन्तराष्ट्रिय कृषि तथा औद्योगिक प्रदर्शनी

विराटनगर । नेपाल उद्योग परिसंघ प्रदेश नं. १ को आयोजनामा आउँदो माघ १९ गते देखि विराटनगर महानगर पालिका वडा नं. २ शंकरपुर मार्गमा अन्तराष्ट्रिय कृषि तथा औद्योगिक प्रदर्शनी सीएनआई एक्सपो २०२३ हुने भएको छ ।

नेपाल उद्योग परिसंघ प्रदेश नं. १ को कार्यालयको हलमा पत्रकार सम्मेलन गरी आउँदो माघ १९ गते देखि २८ गते सम्म अर्थात १० दिन सम्म प्रदर्शनी रहने एक्सपोका संयोजक राजेन्द्र राठीले जानकारी गराएको हो । नेपालउद्योग परिसंघ प्रदेश नं १ बाट निर्णय भई उक्त प्रदर्शनीका लागी जिल्ला प्रशासन कार्यालय मोरंगबाट २०७८ चैत २९ मा स्वीकृत प्राप्त गरि एक्स्पोका कार्यहरु अगाडी बढाइएको जानकारी समेत गराएका थिए ।

एक्सपोमा प्रदेश नं १ सहित मुलुकका बिभिन्न स्थान तथा बिदेशमा उत्पादन हुने कृषि तथा औद्योगिक उत्पादनका साथै आधुनिक कृषि एवं औद्योगिक मेशिनरीहरुको प्रदर्शनी, बिकी समेत हुनुका साथै नया संचार तथा इलेक्ट्रोनिक्स प्रबिधिको पहिचान संगै कृषिमा हुदै गएको आधुनिकि करण स्वास्थ्य मेडिकल क्षेत्रको नया प्रबिधि तथा सामाग्रीको पहिचानर प्रदेशमा स्वदेशी बस्तुको उत्पादनका साथै ब्यवसायिकरण, पर्यटनको संभावना संगै ति स्थानहरुको पहिचान एवं गन्तब्यको सुनिश्चितताको खोजी हुने आयोजकले दावी गरेको छ ।

कृषि उत्पादनका बस्तु सेवाको प्रबर्धन गर्ने पर्यटन बिकास र स्थानिय उत्पादनलाई बजार ब्यबस्थापनका लागी समेत एउटा महत्वपुर्ण अवसरको रुपमा यो प्रदर्शनि रहने छ र यसबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय नया लगाानीकर्ताहरु समेत आकर्षित हुने आयोजकको विश्वास रहेको छ । बृहत रुपमा कृषि, उपभोग्य बस्तु, मिलमेशिनरि औजार, अटो र सेवा क्षेत्रकोसंग सम्बन्धीत उद्योगिहरु र शिक्षा स्वास्थ्य क्षेत्र, आर्थिक क्षेत्रका लगाानी कर्ताहरु सहित, सेवाप्रदायक र नागरिकको बृहत सहभागिता रहने यस प्रदर्शनिबाट करोडौको कारोवार समेत हुने हुंदा यो प्रदर्शनिआर्थिक बिकासका लागी महत्वपुर्ण अवसर हुन एक्सपो सह संयोजक गिरिजा सारडाले जानकारी गराए ।

उक्त प्रदर्शनीमा स्वदेशी तथा

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रदेश १...

छ । त्यसैगरी बैठकले उक्त मन्त्रालयबाट प्रस्तुत भएबमोजिम को श्रष्टा सम्मान सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा प्रस्तुत भूमिहीन, गरिब र सुकुम्वासी वर्ग उत्थान सहयोग तथा तालिम सञ्चालन गर्ने कार्यविधि, २०७९ पनि स्वीकृत गरेको छ । सोही मन्त्रालयद्वारा प्रस्तुत सहकारी क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०७९ पनि बैठकले स्वीकृत गरेको प्रदेश नं. १ सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयद्वारा प्रस्तुत प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७९ र पत्रकारिता छात्रवृत्ती सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ । बैठकले सामाजिक विकास मन्त्रालयको प्रस्तावबमोजिम निजामती आवासीय विद्यालय ( व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

त्यस्तै बैठकले स्वास्थ्य मन्त्रालयद्वारा प्रस्तुत स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णयसहित जिल्ला अस्पताल पाँचथर र तेह्रथुमको स्तरोन्नति गर्ने प्रस्तावलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री घिमिरेले जानकारी दिनु भएको थियो ।

## माघ १८...

बिदेशी मुलुकहरु भारत, चीन, बंगलादेश, पाकिस्तान लगायत अन्य मुलुकहरु बाट समेत सहभागिता गराउने योजना रहेको छ र बिबिध मनोरन्जन र सांस्कृतीक कार्यकमहरु त्था फनपार्क समेत समाबेश गरिने भएकाले युवा बर्गहरुको आकर्षण तथाबालबालीकाहरुको लागी सकारात्मक उर्जा र बिकास नेपाल उद्योग परिसंघ प्रदेश नं. १ अध्यक्ष भीम घिमिरेको भनाई छ ।

एक्सपो प्रदर्शनी स्थलमा आधुनिक ४ वटा डोम रहनुका साथै ३ सय ५० भन्दा बढी स्थलहरु रहने आयोजकको दावी रहको छ ।

## सुरक्षाकर्मी...

सुविधा सम्पन्न भवन प्राप्त भएसँगै जोस र ऊर्जाका साथ सीमावर्ती क्षेत्रमाहुने आपराधिक गतिविधिको नियन्त्रण गरी नागरिकहरूको जिउधनको सुरक्षामा खटिन प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभएको थियो ।

## आयात गरीएको सामग्री बरामद

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-१२ रोडशेष चौक स्थितबाट प्रहरीले न्यूनतम मुल्याङकन गरी आयात गरिएका बिभिन्न सामग्रीहरु बरामद गरेको छ ।

मंगलवार अपरान्ह जिल्ला प्रहरी कार्यालय मोरङबाट बिशेष सुचनाको आधारमा प्रहरी निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले विआर ३८ इ ७४२५ नम्वरको ट्र्याक्टरलाई रोकी चेक जाँच गर्ने क्रममा पानी तताउने गिजर, फुड्स सप्लिमेन्ट लगायतका सामग्रीहरु न्यूनतम मुल्याङकन गरी आयात गरिएको अवस्थामा बरामद गरेको थियो ।

बरामद गरिएको करिव २१ लाख मुल्य बरावरको सामग्री र ट्र्याक्टर सहित चालक भारत जोगवनीका रोशन यादवलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# बिराटनगर आँखा अस्पतालको १४ औं वार्षिकोत्सव सम्पन्न



विराटनगर । नेत्र ज्योती संघ, पूर्वाञ्चल क्षेत्रिय आँखा उपचार कार्यक्रम विराटनगर आँखा अस्पताल रानीले १४ औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेका छन् ।

१४ औं वार्षिकोत्सव समरोहका प्रमुख अतिथी प्रदेश नं. १ का प्रदेश प्रमुख माननीय पर्शुराम खापुङले दियोमा बत्ती बालेर समारोहलाई उद्घाटन गर्दै भने नेपाल नेत्र ज्योति संघ अन्तर्गत रहेर सगरमाथा चौधरी आँखा अस्पताल लहान र बिराटनगर आँखा अस्पताल रानी विराटनगरले गरेको योगदानको चर्चा गर्दै देश भित्र र देश वहिरका नेत्रहीनहरुलाई उपचारको माध्यमवाट पुन : संसार देखाउने उच्च सामाजिक कार्य भएको वताए ।

सरकारले सबै काम गर्न सक्दैन । समाजका धेरैजसो सामाजिक कार्यहरु समाजिक व्यक्तित्वहरुले नै गर्ने भएकोले त्यसता व्यक्ति र संस्थाहरुलाई सरकारले सहयोग गर्नु पर्ने विचार औल्याएका थिए ।

उक्त कार्यक्रममा डा. रक्षा पन्तले आँखा अस्पतलाले दिई रहको सेवा, सुविधा र कार्यक्षेत्रको बारे जानकारी गराएका थिए । सोही अवसरमा अस्पतालवाट गराइएको खेलकुदमा प्रथम र द्धितीय स्थान हासिल गर्ने टिम र खेलाडीहरुलाई समेत सम्मान गरेका थिए ।

सोही अवसरमा सुनसरी जिल्लाको दुहवी नगरपालिकाका मेयर वेद नारायण गच्छदारलाई प्रमाण पत्र र दोसल्ला ओढाएर प्रमुख अतिथीले सम्मानित गरेका थिए । सो अवसरमा गच्छदारले आफू जनप्रतिनिधी भएपछि सवै वडाहरुमा स्वास्थ्य चौकीहरु स्थापना गर्दा त्यती खुशी भईन तर हाम्रो नगरभित्रका गरीब दुखीहरुले विराटनगर आँखा अस्पतलामा उपचार गराई कालो चश्मा लगाएर संसार हेरी रहेको देख्दा साह्रै खुशी लागेको अनुभव सुनाए । दुहवी नगरपालिकाले आँखा अस्पतालसंग सहकार्य गरी दुहवी नगरपालिका सबै वडा वासीको आँखा उपचार निशुल्क गराउने गरका छन् ।

उक्त समारोहमा उद्घोषण कुमार पृतुले गरेका थिए । विराटनगर आँखा अस्पतालको व्यवस्थापक पद्म नारायण चौधरीको अध्यक्षतामा समारोह सम्पन्न भएको थियो ।

## सरकारी कार्यालय र सार्वजनिक निकायमा वृक्षारोपन

विराटनगर । आठौँ संविधानदिवस प्रदेश १ सरकारले प्रदेश भरीका सरकारी कार्यालय तथा सार्वजनिक निकायहरूमा वृक्षारोपण तथा दीपावली लगायतका कार्यक्रम गरी भव्यताका साथ मनाउने भएका छन् ।

बुधवार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा भएको संविधान दिवस मनाउने तयारी सन्दर्भको छलफलमा तीन दिन सम्म विविध कार्यक्रम गरी दिवस मनाउने निर्णय भएको थियो ।

जसअनुसार असोज २ गते आईतवार प्रदेशभरका सरकारी कार्यालय तथा सार्वजनिक निकायहरूले राष्ट्रिय झण्डाका साथै दिवस केन्द्रित ब्यानर सजाई कार्यालय परिसरको सरसफाइ गरिने र साँझ मादीपावली गरिने भएको छ । यस्तै ३ गत सोमवार, विराटनगरको रानी देखि बरगाछि सम्मको क्षेत्रमा रहेको सडकको बिच भागमा वृहत् वृक्षारोपण कार्यक्रमको आयोजना गरिने भएका छन् ।

साथै सोही दिन प्रदेशवासी आम नागरिकलाई आ-आफ्नो घर टोल र महत्त्व पूर्ण सार्वजनिक स्थलहरूको सरसफाइका साथै घर-घरमा दीपावली गर्न आव्हान गर्ने निर्णय भएको आन्तरिक मामिला तथा कानून मन्त्रालयका निमित्त सचिव गणेश नायकले जानकारी गराएका थिए । असोज ४ गते दीपावली गरेर आठौं संविधान सभा दिवस भव्यताका साथ मनाइने भएका छन् ।

२०७२ मा नेपालको संविधान जारी भएपछि सरकारले विविध कार्यक्रमको आयोजना गरी संविधान दिवस मनाउँदै आएको छ । विभिन्न प्रभात फेरी तथा गोष्ठीमा सीमित हुने दिवसलाई यो वर्ष फरक ढङ्गले वृक्षारोपण गरी मनाइने निर्णय भएको आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले बताउनु भएको थियो । 'सडकको सौन्दर्यीकरण र हरियाली बनाउनका साथै जलवायु परिवर्तनको सम्भावित जोखिम लाई कम गर्न वृक्षारोपण कार्यक्रमको आयोजना गरिने भएको वहाँको भनाइ थियो ।

वृक्षारोपण कार्यक्रममा निजामती कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल स्काउटका प्रतिनिधि तथा हामी स्वयं सेवी अभियानका विद्यार्थीहरूको सहभागिता रहने मन्त्रालयले जानकारी गराएको छ ।


संविधान द्विवस भव्यरुपमा मनाऔं

नेपालको संविधान कार्यान्वियनको सात वर्ष पुरा भएको छ ।

- आबधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था यसका विशिषता हुन् ।
- संविधान द्विवस असोज २, ३ र ४ गते भव्यरुपमा मनाऔं ।
- घर-घरमा द्विपावली गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



विराटनगर महानगरपालिकाको सूचना

- ❐ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❐ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❐ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❐ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❐ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❐ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❐ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❐ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❐ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❐ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❐ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❐ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❐ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।







परिवर्तनको लागि क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# समानुपातिकमा आफ्न्तको भीड

*आम नेपाली जनताको प्रतिनिधित्व गर्ने शासन व्यवस्थालाई नै लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भनिन्छ । सोही व्यवस्था नेपालमा लागु भएको छ । निर्वाचनको माध्यमवाट नेपालमा बसोवास गर्ने भगौलिक, जातजाति, भाषा, संस्कृतिलाई सवैलाई समेटेर लान नसकिदा समानुपातिक निर्वाचण प्रणालीलाई राजनीतिक दलहरु अवलम्बन्ध गरेको देखिन्छ ।तर समानुपातिकको अवस्था अहिले सम्म हेर्दा राजनीतिक दलका ठूलावडा नेताका आफन्त, नातागोता, चुनाव जित्न सघाउने फटहा लुच्चा, चुनाव लड्नका लागि पैसा दिने उद्योगी व्यापारीहरुको नाम बन्द सुचीमा दिने गरेका छन् । जसले गर्दा समानुपातिको निर्वाचण प्रणालीको धज्जी उडेको छ ।*

*अहिलेको निर्वाचण प्रणालीमा सब भन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजय घोषणा गर्ने गरेको छ भने सवभन्दा बढी मत ल्याउने पार्टीलाई सरकार चलाउने कानूनी अधिकार प्राप्त हुन्छ जवकी वहुमत प्राप्त दलको मत भन्दा बढी मत बाहिर रहको हुन्छ । त्यसको कुनै कदर हुँदैनन् । नेपालले पनि २०६४ सालको पहिलो संविधानसभा निर्वाचनबाट समानुपातिक प्रणाली अपनाएर जनताका प्रतिनिधिलाई शासन सत्तामा पुऱ्याउने अभ्यास थालिएको थियो । देश भरलाई नै एउटै निर्वाचन क्षेत्र मानेर जुन दलले जति मत ल्याएको हो सोही आधारमा सोही दलवाट संघिय संसदमा प्रतिनिधी पठाउने गरिन्छ । सो प्रतिनिधीमा दलहरुवाट सम्धी, सम्धीनी, साला, साली, पैसावाला, लगायतलाई प्रतिनिधी वनाएर पठाउने चलन भईसको छ । यो चलनले संविधानले जनु स्प्रीटमा सोचेका थिए सो अनुसार नभई समानुपातिक सिटलाई वेची खाने भाडो बनाएका छन् ।*

*समानुपाति निर्वाचन प्रणालीले त मधेशी, आदीवासी जनजाति, दलित, पिछडा वर्ग लगायत केही विद्धानहरुवाट समेत प्रतिनिधी गराउनु पर्नेमा मधेशी कोटामा अर्वपतिलाई, महिलाकोटामा श्रीमतिलाई, दलितकोटामा आफ्नै खेतीमा काम गर्नेलाई, जनजातिकोटामा मन मिल्नेलाई जस्ता प्रतिनिधीत्व गराउने विकृती अपनाएका छन् । यस्ता विकृतीलाई अन्त गर्न जरुरी छ अन्यथा फेरीपनि आन्दोलनवाट त्यस्ता नेताहरुलाई सत्ता चुतगरी नयां शासन व्यवस्था लागु गर्न वाध्य हुने छन् आम नेपाली जनता ।*

# दलीय गुट, गठबन्धन र निसासिएको लोकतन्त्र

भेषराज घिमिरे

जिउँदो समाजमा द्वन्द्व, संवाद र निचोड नियमित प्रक्रिया हुन् । जहाँ समाज छ त्यहाँ राजनीति हुन्छ । समाजले राजनीतिमा संवादको थालनी गर्छ । समाज र समग्र सामाजिक गतिविधिलाई एउटा पद्धतिमा हिंडाउने राजनीतिलाई पृष्ठभूमि भने समाज नै पहिलो एकाइ हो ।

यहाँनेर समाजको लागि राज नीति या राजनीतिको लागि समाज भनेर चिनियाँ पर्खाल लगाउन आवश्यक छैन । दुवै एक अर्कोमा यति परनिर्भर छन् कि एउटाको अनुपस्थितिमा अर्को भूमिकाविहीन हुन्छ । तसर्थ एउटा निचोड के हो भने समाजको हित अनुकूलित राजनीति मात्र टिकाउ हुन्छ ।

नेपाली लोकतन्त्रको यात्रा २००७ सालबाट सुरु भएर विभिन्न आरोह र अवरोहबीच अहिलेसम्म करिब ७२ वर्ष भएछ । झण्डै यो लोक तन्त्र भन्दा १० वर्ष जेठो नेपाली कांग्रेसको इतिहास रहेको छ । नेपाली कांग्रेसको आफ्नो मौलिक छवि र नीतिका कारण यो दल नेपालको दलीय व्यवस्था सबैभन्दा प्रभावशाली र ठूलो दलको रूपमा अहिलेसम्म स्थान सुरक्षित गरेको छ । यस मानेमा यो नेपाली कांग्रेस प्रति आम जनविश्वास रहेको पाइन्छ ।

नेपाली कांग्रेसभित्र बीपीको पालादेखि नै गुटहरू निर्माण हुने र भत्कने क्रम चलेको हो । अहिलेसम्म निरन्तर चलिरहेको छ । राजनीतिक क्षेत्रमा के कुरा स्वीकार गरिन्छ भने जीवन्त पार्टीहरूमा गुटहरू निर्माण हुनुपर्छ । यसले पार्टीको जीवनलाई झनै सशक्त बनाउन मद्दत पुऱ्याउँछ तर गुटहरू स्थायी भने हुनुहुँदैन । पूर्व प्रम गिरिजाप्रसाद कोइरालाको पालादेखि भने गुटहरू स्थायी रूपमा निर्माण भएको हुने र यी यस्ता स्थायी गुटहरूले पार्टीको आन्तरिक जीवनलाई चलायमान बनाउन भन्दा पनि विग्रह तथा विघटनको दिशातर्फ उन्मुख हुन प्रेरित गर्छन् ।

केही हदसम्म कृष्णप्रसाद सिटौला, रामचन्द्र पौडेल तथा प्रकाशमान सिंहले स्थायी गुटलाई भत्काएर पार्टी विभाजनबाट रोक्नलाई महत्वपूर्ण भूमिका निर्वाह गरे । तर यो यथार्थलाई केही व्यक्तिहरूबाट अवसरवादी विचार भनी प्रचार गरिएको पाइन्छ ।

नेपाली कांग्रेसमा गिरिजाबाबुको एकल निर्णयको प्रभावका कारण देउवा गुटको स्थापना भएको र अहिलेसम्म देउवा गुटको प्रभाव बढ्नुमा पनि हिजोको कोइराला परिवारको वरिपरि मात्र घुमेको नेपाली कांग्रेसको राजनीति प्रमुख कारक हुन आउँछ । पार्टीभित्र शेखर गुट प्रभाव शाली हुन नसक्नुको पछाडि एउटा कारण गिरिजाबाबुको छायाँ र अर्को स्वयं शेखर कोइरालाको प्रतिक्रियात्मक गतिविधि नै हो । डा. शेखर कोइराला स्वस्थ, निडर, जोशिलो, देशदर्शनमा रुचि राख्ने हुँदाहुँदै पनि उनको भूमिका पार्टीमा सशक्त हुन सकेन । उनले कांग्रेसको नीति, कार्यक्रम र सरकारको कार्यक्षेत्र बीच भेद छुट्याउन सकेका छैनन् ।

सरकारको क्रियाकलाप लाई सुझाव दिने गरी ठूलो छाती उनमा छैन । केवल सरकार त्यो पनि आफ्नो सरकारको जे जे निर्णय हुन्छन् त्यसको प्रतिक्रियात्मक दृष्टिकोण मात्र उनले स्थायी रूपमा सम्प्रेषण गर्दै आएको पाइन्छ ।

अरूको आलोचना गर्ने काम ज्यादै सजिलो हुन्छ तर सही सुझाव दिन ठूलो छाती चाहिन्छ । उनमा सम्पूर्ण कुरा एउटा नेतृत्वमा हुनुपर्ने हुँदाहुँदै पनि आफ्नो हलुका टिप्पणी गर्ने स्वभावका कारण उनलाई उनकै गुटभित्रका केही प्रभावशाली नेताहरूले अन्तरमनदेखि टिमको मुख्य नेता भनी आदरभाव र स्वीकार गर्न सकेका छैनन् ।

अर्कोतर्फ संस्थागत गुटको एउटा बलियो खम्बा हालका पार्टी सभापति तथा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नै हुन् । उनको संगठन र गुट व्यवस्थापनको अनौठो शैली छ । उनले विश्वास गर्नेलाई धोका दिएको विरलै उदाहरण भेटिएलान् । गुट खेलाउन सक्ने माहिर खेलाडी उनी हुन् । तर उनको विरासत पछि त्यस्तो प्रभावशाली व्यक्ति जसलाई सबैले स्वीकार गरोस्, त्यो भने खडेरी नै छ । सायद देउवाकै स्वभाव भएका बालकृष्ण खाँण या पूर्णबहादुर खड्का या कसले बाजी मार्ने हो, त्यो भने उनीहरूकै भूमिकाको प्रभावकारितामा निर्भर गर्ला । संसदीय निर्वाचनको मतपरिणाम कसरी प्रकट हुन्छ, त्यसले पनि पार्टीभित्र को बलियो हुने भन्ने कुराको केही संकेत भने अवश्य गर्नेछ ।

नेपाली कांग्रेसभित्र अझै धेरै अवसरवाद, व्यक्तिवाद र परिवारवादको राजनीति झाँगिदै गएमा यो पार्टीप्रति रहेको जनविश्वास गुम्ने खतरा ज्यादै देखिन्छ । कांग्रेसको कुनै नेता जित्ने र हार्ने भन्दा पनि समग्र लोकतन्त्रको भविष्य संकटमा पर्नेछ र नेपाल विभिन्न विचारको प्रयोगशालामा रूपान्तरण हुने हो कि भनेर चिन्ता गर्न थालिएको छ ।

### गठबन्धनको सकस

यो पंक्तिकारले पटक-पटक उठाएको सवाल के हो भने जित्नेकै लागि खेलको सर्वमान्य सिद्धान्त हरू फेर्नुहुँदैन । लोकतन्त्रमा आवधिक निर्वाचन अनिवार्य शर्त हो । निर्वाचनकै माध्यमबाट सत्ता प्राप्ति, निर्माण र पार्टीको नीति कार्यान्वयन सम्भव छ तर गठबन्धन जसरी अपरिहार्य भनी नेपाली कांग्रेसको संस्थापन पक्ष लागेको छ, यसको असर स्वयं पार्टीको आन्तरिक जीवनमा मात्र होइन लोकतन्त्रका मूल्यमान्यता सम्म पर्ने निश्चित नै छ ।

गठबन्धन त्यतिबेला मात्र जायज हुन्छ जतिबेला सरकार निर्माणको लागि गणितीय संख्याको आवश्यकता पर्छ र त्यसको लागि सरकारका न्यूनतम नीति र कार्यक्रममा सहमति निर्माण हुन्छ । त्यो एउटा आधारशिला हो । तर सिद्धान्ततः एकअर्काका वर्गीय शत्रु, लोकतन्त्रलाई रणनीतिको रूपमा लिएका, आफैं अस्थिरताको घर भएका, करणी र कथनीमा ठेगाना नभएका दलहरूसँग यसैगरी गठबन्धन हुने हो भने कांग्रेसभित्रको लोकतन्त्र र मौलिकता नाश हुन्छ ।

राजनीतिमा विवेक प्रयोग गर्न निर्वाध रूपमा पाउनुपर्छ तर गठबन्धनले जनताको स्वतन्त्र विवेकलाई अपहरण गरी जबरजस्ती चुनाव जित्ने रणनीति बनाएको छ । यो कांग्रेसकै निरन्तरतामा पनि ठूलो प्रश्नचिह्न हो । यसलाई मलजल गर्ने संस्कृतिको विकास गर्ने हो भने लोकतन्त्रलाई राजनैतिक सिन्डिकेटले ट्र्यापमा पार्नेछ र बलिया तथा धनीहरू शासक बन्नेछन् भने जनता झनै निरीह बन्नेछन् ।

यो कुरा माओवादीभित्र पनि लागू हुन्छ किनकि विसर्जनवादी पार्टी भयो भन्दै यो नयाँ-नयाँ पार्टीहरू जन्मिंदै, छुट्टिंदै र विस्तार हुँदै गएको देखिन्छ । स्वयं विप्लवका पछाडिको शक्ति भनेकै नेकपा माओवादी पार्टीको मौलिक चरित्रमा आएको विसर्जनको प्रतिफल हो ।

हिजो चुनाव जितेर संसदमा आएका, विभिन्न पदमा पदासीन, पारिवारिक पृष्ठभूमि गतिलो भएका र चुनावी खर्चलाई सजिलै जोहो गर्न सक्ने क्षमता भएका अझ स्पष्ट भन्ने हो भने ठेकेदारहरूको भूमिका देखिएका हरू गठबन्धनले उम्मेदवार बनाउन पहिलो रोजाइमा राख्नेछ । अहिले एक किसिमको शब्दावली व्यापक रूपमा प्रयोग गरिंदै आइरहेको देखिन्छ, प्रचण्ड होस् या ओली या देउवा, सबैले चुनाव महङ्गो भयो भनिरहेका छन् । तसर्थ यसको सामना गर्न जो-कोहीलाई पनि मुश्किल छ । अर्थात् उनीहरूको भित्री आशय के हो भने राजनीति सर्वसाधारण र इमानदार व्यक्तिको पहुँचको विषय होइन । चुनावमा धेरै खर्च हुन्छ त्यो जुटाउन जो-कोहीले सक्दैन । तर के अब राजनीति अर्बपतिको रथ हो ? यसमा इमानदारी नै हुँदैन ? राजनीतिमा देखाउने र वास्तविक दाँत फरक-फरक हुन्छन् ? हेक्का होस् । यो गठबन्धनलाई सिट बाँडफाँट मात्र होइन पार्टीभित्र टिकट वितरणमा धेरै ठूलो समस्या छ । त्यसले आमनिर्वाचनमा ठूलो अर्थ राख्नेछ ।

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## चोरीमा संलग्न तीन पक्राउ

विराटनगर । मोरङको बुढीगंगा गाउँपालिका-६ स्थितबाट प्रहरीले चोरीमा संलग्न रहेका ३ जनालाई चोरी गरेको समान सहित पक्राउ गरेका छन् ।

भदौ १४ गते स्थानीय किशोर चौधरीको घरमा चोरी भएको भन्ने सूचना पाए संगै जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चोरी भएको समान सहित २८ गते बिहान उनीहरुलाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा बुढिगंगा गाउँपालिका-६ का २७ बर्षीय बुच्चे भनिने श्याम कुमार उराव, २६ बर्षीय तुलसी उराव र नबिन उराव रहेका छन् ।

उनीहरुको साथबाट प्रहरीले चौधरीको घरबाट चोरी भएका बिभिन्न किसिमका सुनका गर-गहना समेत बरामद गरेको छ । चोरीको आरोपमा पक्राउ परेका उनिहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## प्रतिवन्धीत लागुऔषध ब्राउनसुगर सहित पाँच पक्राउ

बिराटनगर । झपा, मोरङ र सुनसरीबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित ५ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा धरान उप-महानगरपालिका-१५ का ३२ बर्षीय निश्चल बुढाथोकीलाई १ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको सोमवार पक्राउ परेको थियो ।

त्यसैगरी प्रहरी चौकी कुशेचौरी मोरङबाट खटिएको प्रहरी टोलीले संकास्पद अवस्थामा रहेका पथरी शनिश्चरे-९ का २८ बर्षीय मिलन भण्डारी र २० बर्षीय अभिषेक लिम्बुको साथबाट ६०० मिलिग्राम ब्राउन सुगर र ट्रामाडोल ४८ चक्की, स्पाईसपेन ८५ चक्की सहित पक्राउ गरेको थियो ।

झापाको मेचीनगर नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल आउदै गरेका धरान-१६ सुनसरीका ३७ बर्षीय युसुफ सुब्बा र २७ बर्षीय थोमस राईलाई १ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका पाँचै जनाको थप अनुसन्धान भईरहेको सम्वन्धित प्रहरी कार्यालयहरुले जनाएको छ ।


### सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १





# पहिचान मेटाउने कि चम्काउने ?

विराटनगर । मोरङ निर्वाचन क्षेत्र नम्बर ३ बाट राप्रपाबाट प्रतिनिधि सभा चुनाबमा सिफारिस भएकी चर्चित नायिका तथा नेतृ रेखा थापाप्रति गाउँलेहरुको आकर्षण देखिएको छ । थापा पहिलो पटक प्रतिनिधि सभा प्रत्यक्षतर्फ चुनावी प्रतिस्पर्धामा छिन् ।

चुनावी अभियान अन्तरगत उनले निर्वाचन क्षेत्र मोरङ ३ मा पर्ने पथरी शनिश्चरे, कानेपोखरी, बेलबारी र सुन्दर हरैचाका मतदातासँग भेटघाटमा तिव्रता दिएकी छिन् ।

उनले मोरङ ३ का बिभिन गाउँ तथा नगरका वडाहरुमा स्थानीयहरुसँग समस्याहरु बारे जानकारी लिएकी थिईन । उनले सबै उमेर समूहका मतदाताहरुको अपार माया पाइरहेको बताइन । तपाईहरुको समस्यासँग जुध्न उम्मेदवार बनेर आउने बताए पछि स्थानीयहरुले रेखाको पक्षमा नारा लगाएका थिए । उनले नेता भनेको शासक होइन सेबक हुनुपर्ने बताईन । रेखालाई अग्रज मतदाताहरुले आशिर्वाद दिएका थिए भने महिलाहरुले अंकमाल गरेर उम्मेदवारी प्रती खुशी साटा-साट गरेका थिए ।

घरदैलोका क्रममा उनले जनताले नै मतदान गरेर जिताए पछि जनतालाई घृणा, दास र जनताको जीवनलाई नर्क बनाउने, जनताको भोटलाई खरिद विक्री गर्ने, जनतालाई भोट बैंकको रुपमा मात्रै प्रयोग गर्ने भ्रष्टहरुलाई अब जनताले भविष्य सुम्पिनु नहुने बताइन । थापाले 'ठगहरुलाई लखेट्ने' बताउँदै आफ्नो मत खेर नफाल्न आग्रह गरिन ।

'अहिलेसम्म हामीले गलत मान्छेहरुलाई चुनेको र गलत मान्छेहरु हाम्रा नेता रहेकोले गर्दा अब आफुहरुले भोगेका दुःखको अन्त्य गर्न आफुहरु जागेका छौं, उनले भनिन । पुराना नेताहरुले जनतालाई बर्षौंदेखि रुवाएर राखेकाले अब असल उम्मेदवारलाई मतदान गर्ने स्थानीयहरुको प्रतिक्रिया पाएको उनले बताइन ।



प्रतिनिधि सभा चुनाबमा सिफारिस भएकी चर्चित नायिका रेखा थापालाई जनताको सम्मान ।

हातमा डायरी र कलम बोकेर कुर्तामा सजिएर उनी यतिबेला जनताको घरदैलोमा पुगिरहेकी छिन् । 'जहाँ पुग्छु मलाई युवाले माया र ज्येष्ठ नागरिकले आशिर्वाद दिने गर्नुभएको छ,' थापाले भनिन् ।

'उहाँले रियल लाईफमा हाम्रो समस्याहरु उठाउनु भएको छ । अब जनताका आवाज बोल्न समस्याको समाधान गर्न सदन सम्मै पुर्याउनेछौ,' रेखासँग एक स्थानीयले भने । हारजीत जे भएपनि जनताहरुको साथमै रहने बताउँदै उनले भनिन, 'म तपाइँहरुसँग आत्म जागरण गराउन आएको हुँ । मत अब कदापी खेर जानु हुन्न ।' भेटघाटका क्रममा धेरै मतदाताले पहिलेका उमेदवारले चुनाव जितेर जाने त्यसपछि फर्किएर नआउने गरेको गुनासो गरेको सुनाइन ।

रेखाको निर्वाचन क्षेत्रमा सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या रहेको छ । स्थानीयले समस्याबारे निकै गम्भीरता पूवर्क बताउने गरेका छन् । थापाले मतदातासँग भनिन्, 'ठूला राजनीतिक दलका नेताले आफ्नो व्यवसाय फस्टाउने काम मात्र काम गरे । गाउँ-गाउँका जनता अहिले पनि सामान्य उपचार गर्न सहर जानुपर्ने बाध्यता बनाएका छन् । म यी सबै हिसाब किताब गर्न आएकी छु । म काम गर्न सक्छु, म नेपाली दिदी बहिनीहरूलाई चुलोबाट बाहिर निकाल्ने काम गर्छु ।' महिला दिदीबहिनीहरूको सुरक्षाका लागि आफू 'काली' बनेर आउने छु,' उनले भनिन, 'दिदीबहिनीहरूलाई राति हिँड्दा कसैले छोयो भने म काली बनेर सुरक्षा गर्न आउँछु ।'

मोरङ क्षेत्र नम्बर ३ बाट नेकपा एमालेका तर्फबाट पूर्व स्वास्थ्यमन्त्री भानुभक्त ढकाल उठ्ने चर्चा छ । त्यस्तै कांग्रेसका तर्फबाट मेडिकल व्यवसायी सुनील शर्माको नाम चर्चामा छ । शर्मा र ढकालसँग प्रतिस्पर्धा गर्न लागेकी राप्रपा नेतृ थापा भने सबैभन्दा पहिले चुनावी अभियान लिएर गाउँ पसेकी हुन् ।

नायिका थापा चुनावी अभियानमा हिँडेपछि सोही ठाउँका बालबालिकाहरु तथा आम मानिसहरु खुसि देखिएका छन् ।

## तीन जना पक्राउ

बिराटनगर । मोरङको बिराट नगर महानगरपालिका-१५ स्थितबाट १ जना र झापाको बिर्तामोड नगरपालिका-४ स्थितबाट २ जनालाई ब्राउन सुगर सहित प्रहरीले पक्राउ गरेको छ ।

विहीवार लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ स्थितमा चेक जाँचको क्रममा को ३५ प २२६६ नम्बरको मोटरसाईकल चालक इटहरी-४ सुनसरीका २२ बर्षीय बिशाल भुजेलको साथबाट १ ग्राम ४८ मिलि ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

त्यसैगरी लागुऔषधको कारोवार भईरहेको भन्ने सुचनाको आधारमा लागुऔषध ब्युरो काकरभिट्टा र इलाका प्रहरी कार्यलय अनारमनिबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-४ बस्ने ३८ बर्षीया सुगन्दा अन्सारी र उनको १७ बर्षीय छोरा अर्मान अन्सारीलाई घर भित्र प्लास्टिकमा प्याकिङ गरिरहेको अवस्थामा १ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका तीनै जनाको थप अनुसन्धान भईरहेको छ ।



# विशिष्ठ व्यक्तिहरुको सुरक्षा अनुशिक्षण तालिम सम्पन्न

विराटनगर। १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरले संचालन गरेको ३ कार्य दिन अवधिको बिशिष्ठ ब्यक्तिको सुरक्षा पुनर्ताजगी अनुशिक्षण तालिम समापन भएको छ।

शुक्रवार भएको समापन कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले तालिममा सिकेका ज्ञान र शिपको ब्यवहारिकरुपमा अक्षरस पालना गरी बिशिष्ठ ब्यक्तिहरुको सुरक्षामा अहोरात्र खटिन सहभागि प्रशिक्षार्थीहरुलाई निर्देशन दिनुका साथै प्रशिक्षार्थीहरुसंग अन्तरक्रिया समेत गर्नु भएको थियो।

भाद्र २९ गते बाट संचालन भएको दोश्रो चरणको तीन कार्य दिन अवधिको बिशिष्ठ ब्यक्तिको सुरक्षा पुनर्ताजगी अनुशिक्षण तालिममा सहभागि प्रशिक्षार्थी हरुलाई सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिनुका साथै छोटो हतियारबाट फाईरिङ समेत गराईएको थियो।

त्यसैगरी १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा दोश्रो चरणको बिशिष्ठ ब्यक्तिको सुरक्षा अनुशिक्षण तालिम गरेको थियो ।

१ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रहरी बरिष्ठ उपरीक्षक जय राज सापकोटाले तालिमको उदघाटन गर्नु भएको थियो।१ नम्वर प्रदेश अन्तरगतका बिशिष्ठ ब्यक्तिहरुको सुरक्षार्थ खटिएका सुरक्षा कर्मीहरुलाई उक्त तालिम दिईएको हो।

तीन कार्य दिन अवधिको पुनर्ताजगी अनुशिक्षण तालिममा प्रहरी बरिष्ठ नायव निरीक्षक देखि प्रहरी जवान सम्म २५ जना प्रहरी कर्मचारीहरुको सह भागिता रहेको थियो।

अनुशिक्षण तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक तथा ब्यवहारिक ज्ञान दिईनुका साथै प्रयोगात्मक अभ्यास समेत गराईने छ। पहिलो चरणमा बिशिष्ठ ब्यक्तिहरुको सुरक्षार्थ खटिएका २५ जना प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण तालिम प्रदान गरिएको थियो।

# उद्योगी व्यवसायीको आर्थिक चक्र नराम्ररी प्रभावित




विराटनगर। विगत केहि महिना देखि चर्किंदै गएको बैंक व्याजदर, तरलता अभाव तथा आयातमा गरिएका कडाईले उद्योगी व्यवसायिकको आर्थिक चक्र नराम्ररी प्रभावित भएका छन्।

उक्त कुरा मोरंग व्यापार संघले शुक्रवार पत्रकार सम्मेलन गरी संघका अध्यष नविन रिजालले जानकारी गराएका थिए।

त्यसैगरी विद्यमान बढ्दो बैंक व्याजदर, महंगी र नजिकिँदो चाडपर्वमा समेत सुस्त रहेको स्थानीय बजारको स्थिति प्रति संघको गम्भिर ध्यानाकर्षण भएको भन्दै लगानी योग्य पूँजीको अभावमा उद्योग/व्यवसायहरु आ-आफ्ना क्षमता अनुरुप कार्य गर्न असमर्थ हुँदै गएको दुरावस्था देखा परेको, विगत ६ महिना मै एकल अंकको बैंक व्याजदर दोब्बर हुन गएको, छोटो अवधि मै भद्र सहमति भंग गर्दै बैंकहरुले आफूखुशी ४ प्रतिशतसम्म स्प्रेड दर कायम गरेको, कोभिड पश्चात् विस्तारै लयमा फर्कदै गरेको अर्थतन्त्रलाई पुन:उच्च बैंक व्याजदरको धक्का लागेको वताए।

त्यसैगरी एकातिर बैंकहरुका करोडौंका नाफा भन्ने समाचारहरु सुनिन आई रहेको छन्, श्रावणमा मात्रै ९ सय करोड मुनाफा कमाएको बुझिएको छ भने अर्कोतर्फ उद्योग/व्यवसाय र उपभोक्ताहरुको नाजुक अवस्था प्रति सरकार र राष्ट्र बैंकले खासै चासो नदिनाले उद्योगी/व्यवसायीहरु हतोत्साहित भई रहेका छन्। नेपाल राष्ट्र बैंकले हालजारी गरेको चालु पूँजीकर्जा सम्बन्धी मार्ग दर्शन २०७९ का केही प्रावधानहरु समेत औद्योगिक/व्यवसायीक वातावरणका लागि प्रतिकूल रहनगई प्रत्यक्ष प्रभाव पर्ने भएकाले त्यसलाई तत्कालै सुधार गर्न तथा चालू पूँजी कर्जालाई पारदर्शी एवं एक रुपता कायम गर्न समेत राष्ट्र बैंकलाई सुझावहरु पत्राचार गरेको वताए।

साथै, हामीले एकल अंकको व्याजदर कायम गर्नु पर्ने, औद्योगिक/व्यवसायिक प्रयोजन का कर्जाको व्याजदर फरक गरिनु पर्ने, संस्थागत व्याज दर कम गरिनु पर्ने आदि विभिन्न मागहरु राष्ट्र बैंक समक्ष राख्दै आएको जानकारी गराएका थिए।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि तय गरेको ७ प्रतिशतको वार्षिक उपभोक्ता मूल्य वृद्धिदर गत साउनमै औसत ८.२६ प्रतिशत हुन पुगेको देखिन्छ। चाडवाड अगावै ध्यू, तेल, फलफूल, माछा-मासु, गेडागुडी लगायतका खाद्य तथा दैनिक उपभोग्य वस्तुहरुको मूल्य आकाशिएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार गत साउनमै खाद्य तथा पेय पदार्थ अन्तरगत घिउ तथा तेलमा १९.५८ प्रतिशत, फलफूलमा १८.७९ प्रतिशत, रेस्टुरेन्ट तथा होटलमा ११.८४ प्रतिशत, मदिरा जन्य पेय पदार्थमा १०.२४ प्रतिशत र दुग्ध पदार्थ तथा अन्डाको मुल्य १०.१९ प्रतिशतले बृद्धि भई सकेको छ भने यातायातमा २३.८८ प्रतिशत, स्वास्थ सेवामा १०.५४ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणमा ९.०४, शिक्षामा ८.११ र घरायसी उपभोगका वस्तुहरुमा ७.८६ प्रतिशत मुल्य वृद्धि भएको तथ्यांक सार्वजनिकभई सकेको छ।

यस्तो अवस्थालाई नियन्त्रण गर्न नसके एकातर्फ उद्यमी व्यवसायीहरु प्लायन हुने खतरा रहनुका साथै मुलुकको आर्थिक गतिविधिहरु संचालन गर्न कठिन हुनगई अर्थतन्त्रमा प्रति कुल असर पर्ने निश्चित छ भने अर्को तर्फ कर्जाको व्याजदर वृद्धि हुँदा तत्काल लगानी कर्तालाई असर परे पनि अन्तत: यसको मार उपभोक्ता मै पर्ने हुन्छ। छिमेकी राष्ट्र बंगलादेश र भारतले अर्थतन्त्र सुदृढि करणका लागि उद्योगी/व्यवसायीहरुलाई प्रोत्साहित गरिरहेको अवस्थामा नेपालमा त्यसको ठिक विपरीत नीतिहरु देखिनु दु:खदायी भएको रिजालको जिकीर थियो।

त्यसका अलावा, त्रुटीगत करका नीतिहरु सहित विभिन्न कारणले स्वदेशमा मंहगी बढिर हँदा सीमापारीका बजारहरु गुल्जार हुने गरेका छन् भने खुल्ला सीमाबाट चोरी निकासी पैठारी समेत हुने गरेकाले स्वदेशी उद्योग/व्यवसाय थप प्रताडित भएका छन्। स्वदेशी बजारको सुरक्षा एवं सु-व्यवस्थापनका लागि समेत सरकारको कुनै ठोस नीति नहुनु हाम्रा लागि विडम्बनाको विषय हो।

अत : नेपाल सरकार, बैंकहरुको नियामक निकाय नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायहरुलाई मुलुकको विद्यमान अवस्थाहरु प्रति गम्भिर भई नेपाली उद्यमी, व्यवसायी र उपभोक्ताहरुको हक, हितएवं सुरक्षार्थ आ-आफ्नो स्तरबाट जिम्मेवारी पूर्वक तत्कालिक कदमहरु चाल्न हुन जोडदार माग गरेको थियो।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर







क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# नियन्त्रित लागुऔषध ब्राउन सुगर सहित तीन जना पक्राउ

झापा । झापाको दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषधको कारोवार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-६ का २८ बर्षीय मोहन राजवंशीको कोठाबाट ५ ग्राम लागुऔषध ब्राउनसुगर बरामद गरेको थियो ।

राजवंशीको कोठाबाट लागुऔषध बरामद भएसंगै उनिलाई समेत नियन्त्रणमा लिई अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

त्यसैगरी झापाकै भद्रपुर नगरपालिका-५ मेची पुल छेउबाट लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट मेची पुलबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउँदै गरेको मे १ ह ४७३४ नम्बरको टेम्पोलाई चेकजाँच गर्ने क्रममा टेम्पोमा लुकाई छिपाई राखेको १ ग्राम ६१० मिलिग्राम लागुऔषध बरामद गरेको थियो ।

टेम्पोबाट लागुऔषध बरामद भए संगै चालक बिर्तामोड-२ का ३६ बर्षीय लोकराज राजवंशी र टेम्पोमा सवार कन्काई नगरपालिका-८ का २५ बर्षीय अजय राजवंशीलाई पक्राउ गरी थप अनुसन्धान भईरहेको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ ।

## सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १**

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

**धनपालथान गाउँपालिकाको
कार्यालय, कर्सिया
मोरंग, प्रदेश १**

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

# समानुपातिकमा उम्मेदवार नपाए कांग्रेसमा विद्रोह



उर्लाबारी । मोरङ क्षेत्र नं. १ (क) बाट समानुपातिक सूचीमा १ नम्बरमा सिफारिस भएका प्रभावशाली युवा नेता तथा प्रदेश नं. १ का सह-महामन्त्री खड्ग फागोको नाम मापदण्ड अनुसार नपर्ने भएपछि कांग्रेस भित्र विद्रोह हुने देखिएको छ ।

गत स्थानीय तहको निर्वाचनमा फागो उर्लाबारी नगरपालिकाको मेयरमा पराजित बन्नुभएको थियो । आउँदो मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधि सभा सदस्यको निर्वाचनमा लागि समानुपातिक उम्मेद्वारको सूची बनाउन दलहरु जुटिरहेका छन् ।

समानुपातिकमा प्रत्येक क्षेत्रबाट एकभन्दा बढी नाम सिफारिस भएका कारण सूची बनाउन नेताहरुलाई सकस छ । उम्मेद्वारमा सिफारिस भएकाहरुले आफ्नो नाम सूचीमा समावेश गर्न जोडबल गरिरहेका छन् ।

नेपाली कांग्रेसले गत स्थानीय निर्वाचनमा उम्मेदवार भएकाहरूले समानुपातिकतर्फ उम्मेदवारीको दाबी गर्न नपाउने, ०७४ मा समानुपातिकतर्फ उम्मेदवार भएका नेताहरूलाई समेत संघ वा प्रदेश दुवैतर्फ उम्मेदवार नबनाउने, प्रतिनिधिसभामा समानुपातिकबाट हाल सांसद भएको व्यक्ति पनि अब प्रदेशमा गएर समेत फेरि समानुपातिकबाटै सांसद बन्न नपाउने र प्रदेशमा भएको व्यक्ति प्रतिनिधिसभामा आएर समेत बन्न नपाउने गरी मापदण्ड निर्धारण गरेको छ । उच्च नैतिकता, योग्यता, क्षमता भएको र उमेर सन्तुलनलाई आधार मानेर पार्टीको पक्षमा लोकप्रिय मत थप्न सक्नेलाई समानुपातिक उम्मेदवार बनाउने कांग्रेसको लाइन छ ।

यसैक्रममा मोरङ क्षेत्र नं. १ (क) बाट समानुपातिक सूचीमा १ नम्बरमा सिफारिस भएका प्रभावशाली युवा नेता तथा प्रदेश नं. १ का सह-महामन्त्री खड्ग फागोको नाम मापदण्ड अनुसार नपर्ने देखिएको छ । गत स्थानीय तहको निर्वाचनमा फागो उर्लाबारी नगरपालिकाको मेयरमा पराजित बन्नुभएको थियो । कांग्रेसका नेताहरु नै खुलेर 'फागो हराउ अभियान' चलाएका थिए । आम कार्यकर्ताहरुमा फागोको क्रेज छ । तर, केही कांग्रेसभित्रका नेताहरुलाई फागोको बढ्दो लोकप्रियताबाट 'जलन' भएको थियो । त्यही रिस स्थानीय तहको निर्वाचनमा फेरेको धेरै कार्यकर्ताको बुझाई छ । स्थानीय तहको निर्वाचनमा मोरङ जिल्लामा गठबन्धन हुन नदिन डा. शेखर कोइराला समूहका मोरङ जिल्ला सभापति डिगबहादुर लिम्बूले भूमिका खेलेको जानकार स्रोत बताउँछ । फागोलाई डिजाइन गरेरै मेयरमा हराइएको थियो । मेयरमा पराजित भएपनि मोरङ क्षेत्र नं. १ मा फागो लोकप्रिय नेता मानिनुहुन्छ । यस अर्थमा पनि पार्टीले फागोलाई समानुपातिक उम्मेद्वार बनाउनु पर्ने पूराना कार्यकर्ताहरु बताउँछन् । पार्टीमात्र नभई क्षेत्रको विकासमा गर्न पनि यस पटक फागोलाई प्रदेश सांसद बनाउनु पर्ने उनीहरुको जोड छ ।

फागो समानुपातिकमा नपर्दा लिम्बूलाई असर

फागो समानुपातिक सूचीमा नपरे मोरङ क्षेत्र नं. १ को प्रतिनिधिसभाको उम्मेद्वार बन्ने तरखरमा रहनुभएका डिगबहादुर लिम्बूलाई असर पर्ने देखिन्छ । २०७४ सालमा पराजित हुनुभएका लिम्बू यस पटक पनि उम्मेद्वार बन्ने तरखरमा हुनुहुन्छ । फागोलाई समानुपातिक उम्मेद्वार बनाउँदा लिम्बूलाई पनि जित्न सहज हुने धेरैको अनुमान छ । फागोकै कारण कांग्रेस बनेकाहरु उहाँले टिकट नपाउँदा रुष्ट हुने सम्भावना रहेको जानकारहरु बताउँछन् । त्यो हुँदा डिगबहादुरलाई पनि असर गर्ने र झन् कांग्रेस कमजोर हुने भन्दै पूराना कार्यकर्ताहरुले चिन्ता ब्यक्त गर्न थालेका छन् । लोकप्रियताको आधारमा पनि फागो समानुपातिक सूचीमा पर्नु पर्ने धेरैको बझाई छ ।

## दलिय...

जन-सवाल

लोकतन्त्रको आयु भोकतन्त्रको व्यवस्थापनसँग जोडिएको छ । लोकतन्त्रको आयु जातीय, रंगभेद तथा धार्मिक व्यवस्थापनसँग जोडिएको छ । यो समय सवालहरू उठान गर्ने अर्थात् लोकतन्त्रको समय हो । जहाँको लोकतन्त्रले सीमित स्वार्थको प्रयोजनार्थ कार्य गर्छ भने लोकतन्त्रको दिगोपना रहँदैन । जहाँका शासकहरू आम नागरिक भन्दा भिन्न भएको व्यवहार गर्छन् भने त्यहाँको व्यवस्थाको परिवर्तन अनिवार्य छ ।

संसारभरिका कम्युनिस्टका गुरु कार्ल मार्क्सले बताएको सार के हो भने विभेद नै क्रान्तिको प्रमुख कारक हो । तसर्थ कम्युनिस्टहरू आफूलाई क्रान्ति कारी भन्छन् तर स्वयंको वर्ग रूपान्तरण हुँदा जनताको किन हुन सकेन भनी बुझ्ने प्रयत्न नै गर्दैनन् । उनीहरूको आफू सर्वहारा हौं भनी सुगारटाइ गर्छन् । तर व्यवहार हेर्दा उनीहरूले क्रान्तिलाई भ्रान्तिमा रूपान्तरण गरिरहेका छन् । छलछामको राजनीति गरिहेका छन् र नेपालको सन्दर्भमा पनि त्यही नै हो ।

जनताले सवाल गर्न पाउनुपर्छ । नागरिक आवाजलाई बन्द गरिएको समाजमा रूपान्तरण होइन विस्फोटन नै हुन सक्छ । नेपालका पार्टीहरू पारदर्शी छैनन् । चरम स्थायी गुटको बिगबिगी छ । परिवारवाद मौलाउँदैछ । नेताहरू नव धनाढ्य वर्गमा परिणत भइरहेका छन् ।

जनताको सवाल छ- लोकतन्त्रको परिभाषा के विभेद हो ? लोकतन्त्रले झुपडपट्टीको बास बस्न सक्दैन ? चुनावको खर्च जनताको मत किन्नकै लागि किन ? सामाजिक रूपान्तरण नभई किन नेतृत्वमा मात्र आर्थिक रूपान्तरण कसरी भयो ? राजनीति के पेशा हो ? हो भने व्यापार व्यवसाय के हो ? संविधान समाजवाद उन्मुख तर शिक्षा, स्वास्थ्य ठेकेदारको तजविजीमा छोडियो किन ? माइक्रोबसदेखि हवाईजहाजसम्म नेताहरूकै लगानी कसरी ? दिगो विकास भनेको के नेतृत्वको विकास मात्र हो ?

हो, यस्ता सवालहरू आसन्न निर्वाचनका क्रममा युवा सोच र विचार भएका पंक्तिबाट आउनेछन् र आउनुपर्छ । त्यसको लागि जो जो चुनावमा आउँदैछन्, कृपया उत्तर दिने हैसियतमा आउनु उत्तम हुनेछ । अनलाईन खबरबाट ।

